नेपाल सरकार

कोहलपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

राजश्व शाखा

# सूचना ! सूचना !! सूचना !!!

मिति : २०७५/०३/३०

यस कोहलपुर नगरपालिका बाट असुल गरी आएको विज्ञापन कर तपसिलका दर रेटमा संकलन गर्न निम्न शर्तहरुको अधिनमा रहने गरी आ.व. २०७५/०७६ गते देखि आ.ब. २०७७/०७८ तिन वर्ष सम्मका लागि ठेक्कामा दिनु पर्ने भएकोले आन्तरीक राजश्व कार्यालयमा दर्ता भएका ठेक्का लिन ईच्छुक व्यक्ती तथा फर्महरुका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**तपसिल**

१. टेण्डर फारम प्राप्त गर्नका लागि निवेदन साथ आतरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी र नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी रु १००० । (एक हजार मात्र) फिर्ता नहुने गरी तिरी कार्यालयबाट प्राप्त गर्न सकिने छ।

२. ठेक्काको सम्झौता अवधी २०७५ श्रावण १ देखि २०७८ असार मसान्त सम्म हुनेछ।

३. विज्ञापन कर बापत् निम्न अनुसार कर असुल उपर गर्न पाइने छ।
   - क) होडिङ्ग बोर्ड प्रति स्क्वायर फिट कोहलपुर चौराह देखि विद्युत रोड सम्म रु ५०/
   - ख) ग्लो साइन बोर्ड विद्युतिय प्रति स्क्वायर फिट रु ३५/
   - ग) स्किन बोर्ड प्रति स्क्वायर फिट रु १५ ।
   - घ) फिल्मी ब्यानर पोष्टर प्रति स्क्वायर फिट रु १० ।
   - ङ) गाडीमा लेखे बापत प्रति स्क्वायर फिट रु २० ।
   - च) भित्ते लेखन प्रति स्क्वायर फिट रु ५ ।
   - छ) व्यवसायिक रुपले जीप आदिबाट माईकिङ्ग दैनिक रु २०० ।
   - ज) व्यवसायिक दृष्टिले रिक्सा टांगाबाट प्रचार प्रसार गर्दा दैनिक रु ५० ।
   - झ) मादक पदार्थ चुरोट खैनी आदिको प्रचारमा दैनिक रु १०० ।
   - ञ) व्यावसायिक ब्यानर प्रति स्क्वायर फिट रु २५/
   - ट) उपरोक्त रकममा कुनै किसिमको कर दस्तुर थप गरी लिन पाईने छैन।
   - ठ) आफ्नो पसल अगाडी पसल वा फर्मको साईन बोर्ड तथा वालपेन्ट राखेको बाट कार्यालय स्वयंले उठाउने हुँदा उठाउन पाईने छैन।

४ विज्ञापनकर असुल गर्ने विषयमा विवाद पर्न आएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

५. नगरपालिकाले समय(समयमा दिनएको निर्देशन पालना गर्नु पर्नेछ।

६. असुल गर्ने भरपाई रसिद नगरपालिका बाट प्रमाणित गराई करदातालाई दिनु पर्नेछ।

७. नेपाल सरकार, प्रदेश सरकार, वैदेशिक कुटनैतिक नियोगका एजेन्सी तथा लाभको उद्देश्य नराखी संचालन हुने संघ संस्था , सिनेमा हलबाट कर लिन पाइने छैन।

८. समय-समयमा नगर कार्यपालिकको बोर्डले छुट दिने भनी निर्णय भएका संघ संस्थाबाट कर लिन पाईने छैन।

९. प्रचलित कानूनले निषेध गरेका विज्ञापन बाट कर लिन पाईने छैन।

१०. आ.व. २०७५/०७६ का लागि सुरुको वर्षका लागि न्यूनतम ठेक्का अंक रु २०,००,००० । (बिसलाख मात्र) कायम गरिएको छ।सो ठेक्का अंकमा हरेक वर्ष १०% ले वृद्धि हुनेछ।

११. ठेक्का बापतको रकम ३ किस्तामा बुझाउनु पर्नेछ।

१२. एक किस्ता धनजमानी राख्नु पर्नेछ। अचल सम्पत्तीको धितो मान्य हुने छैन।

१३. उपरोक्त बमोजिमको विज्ञापन कर नबुझाउने विज्ञापनवालाको साइनबोर्ड, होर्डिङ्ग बोर्ड तथा वालपेन्ट ठेक्काप्राप्त गर्नेले हटाउन वा मेटाउन सक्ने छ तर सो कार्य गर्नु भन्दा अगावै निम्न प्रकृया पुर्याइएको हुनु पर्नेछ।

क) सम्बन्धित करदातालाई दुई पटक कम्तीमा ३ तिन दिनको लिखित सुचना दिनु पर्नेछ ।

ख) तेश्रो पटक पुन: ७ दिनको समय दिई न.पा. कार्यालय समेत जानकारी दिएको हुनु पर्नेछ ।

१४. किस्ता रकम ३ किस्तामा कार्यआदेशमा तोकिएको मितिमितिमा बुझाउनु पर्नेछ । तोकिएको मितिमा नबुझाएमा प्रतिदिन रु ५०० । को दरले एक महिना सम्म जरिवाना लिने र एक महिना सम्म पनि जरिवाना सहित किस्ता रकम नबुझाएमा धरौटी जफत गरी धनजमानी बाट असुल गरी ठेक्का तोडीने छ ।

१५. एक किस्ता रकम बराबरको धनजमानी बापतको रकम धरोटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने वा एक वर्ष अवधी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

१६. टेण्डर साथ राखेको धरौटी र धनजमानी वापत राखेको रकम ठेक्का अवधी समाप्त भएको ३५ दिन भित्र कर क्लिरियन्स प्रमाण पेश राखेपछि फिर्ता हुनेछ ।

१७. ठेक्का संचालन गर्दा कुनै विवाद परेमा न.पा.को निर्णय अन्तिम हुनेछ ।

१८. टेण्डर फाराम साथ कबुल अंकको १०५ धरौटी रकम कृषि विकास बैंक कोहलपुर शाखाको धरौटी खाता ग ३१ ०७२०५०१०००२३५२१७ मा जम्मा गरेको सक्कल भौचर संलग्न राख्नु पर्नेछ ।

१९. यस कार्यालय बाट उपलब्ध गराईएको टेण्डर फारमलाई मात्र मान्यता दिईने छ ।

२०. टेन्डर स्वीकृत भएको ७ दिन भित्र एक किस्ता रकम बराबरको धनजमानी तथा प्रथम किस्ताको रकम बुझाए पछी मात्र ठेक्का संचालन गर्न पाउने छ । ७ दिन भित्र उपस्थित भै सम्झौता गरी पट्टापूर्जि नलिए धरौटी जफत भै जानेछ ।

२१. मूल्य अभिवृद्धीकर वापत १३% र अगृम आयकर वापत १.५% किस्ता रकमका साथ बुझाउनु पर्नेछ ।

२२. अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकम लाई मान्यता दिईनेछ ।

२३. कुनै पनि शर्त राखेको टेण्डर स्वीकृत गरिने छैन ।

२४. सुरक्षाको व्यवस्था स्वयं मिलाउनु पर्नेछ ।

२५. टेण्डर खरिद गर्ने अन्तिम मिति पत्रिका सूचना प्रकाशित भएका मितिले १५ पन्ध्र औं दिन भित्र ।

२६. टेण्डर दर्ता गर्ने अन्तिम मिति पत्रिका सूचना प्रकाशित भएका मितिले १६ औं दिन ।

२७. टेण्डर खोलिने अन्तिम मिति पत्रिका सूचना प्रकाशित भएका मितिले १७ औं दिन ।

२८. उक्त दिनहरुमा सार्वजनिक विदा पर्न गए सो को भोली पल्ट ।